# चितवनका सिमसार क्षेत्रहरुमा जलपँक्षी गणना गरिने




सन १९८७ देखि नै नेपाल लगायत दक्षिण पूर्वी एशियाको केही देशहरुमा जनवरी महिनामा विभिन्न सिमसार क्षेत्रमा आश्रित जलपँक्षीहरुको गणना गर्ने गरिन्छ । नेपालमा पनि डा.हेम सागर बरालको संयोजनमा नेपालमा रहेका प्रकृति संरक्षणमा कटिबद्ध संस्थाहरुले जलपँक्षी गणना गर्दै आईरहेका छन् । विगतमा जस्तै यस वर्ष पनि बर्ड एजुकेशन सोसाईटीको अगुवाईमा र नेपाल पँक्षी विद संघ, (NOU), नेचर गाईड एसोसियसन, नेपाल वाईल्ड लाईफ फोटोग्राफर्स क्लब (NWPC) को संयुक्त पहलमा चिववन जिल्लाको विभिन्न नदी, ताल, पोखरी लगायत अन्य सिमसार क्षेत्रमा आश्रित जलपँक्षी गणना यही जनवरी महिनाको ५–७ तारीख सम्म गरिने कार्यक्रम रहेको छ ।

गत वर्ष सो कार्यक्रम जनवरी महिनाको १०–१४ तारीख सम्म गरिएको थियो । गणनाको क्रममा कुल ५५ प्रजातिका जम्मा ९,५६५ चरा देखिएको थियो । यस मध्ये सब भन्दा बढी चकेवा (४४१५) र जलकौवा (१४२१) देखिएको थियो । हाल सम्म नेपालमा ८८७ प्रजातिको र चितवनमा ६५८ प्रजातिका चराहरु देखिको तथ्याङ्क छ ।

वर्षेनी हिउँद महिनामा जलपँक्षीहरु जाडो छल्लनको लागि साईवेरिया, मंगोलिया, चीन, यूरोप र तिब्बत जस्ता ठाउँहरुबाट नेपालका विभिन्न सिमसार क्षेत्रहरुमा आउने गर्दछन् । जलवायू परिवर्तन, वासस्थानको विनास, विषादीको प्रयोग र अवैध शिकार जस्ता कारणहरुले गर्दा जलपँक्षीहरु लोपोन्मुख भईरहेका छन् । तसर्थ सिमसार क्षेत्र र त्यसमा आश्रित पँक्षीहरुको यथार्त विवरण संकलन गर्ने अति आवश्यक छ । यस कार्यमा संरक्षणमा समर्पित संघ संस्था र विज्ञ व्यक्तिहरुको संलग्नता र सहयोग अपरिहार्य छ । तसर्थ, बर्ड एजुकेशन सोसाईटी सरोकार संघ संस्था र व्यक्तिहरुलाई यस कार्यमा हातेमालो गर्न हार्दिक अनुरोध गर्दछ ।

बर्ड एजुकेशन सोसाईटी
रत्ननगर– ७, लौखानी, चितवन